तीर्थ, श्राद्ध र योगबिचको अन्तर सम्बन्ध

सुवास आचार्य

विषय प्रवेश

हजारौँ वर्षदेखि अभ्यास हुँदैआएको योगको परम्पराले आजको वैज्ञानिक, उत्तर आधुनिक समयमा अझ ठूलो महत्त्व र प्रशंसा बटुलिरहेको छ। आत्मवोधको भोकले होस् या फेसनकै रूपमा पनि योग अहिले घर, चौतारो, चियापसलदेखि लिएर राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा आकर्षणको विषय बनिरहेको छ। विश्वव्यापी जनलहर र आम चासोको रूपमा अघि बढिरहेको छ। पश्चिमाहरू स्वाद लिँदै मुख मिठ्याइरहेको समयमा, योगको जननी सभ्यताका हामी भने उहि विरालो बाँधिरहेका छौं।

पुराणहरूमा तीर्थहरूको महिमा तथा श्राद्ध संस्कारको वारेमा उल्लेख्य चर्चाहरू पाइन्छन्। तीर्थाटन र श्राद्ध हाम्रो जीवनको प्रमुख संस्कृतिकै रूपमा रहेका छन्। नदी सम्बद्ध संस्कृति सनातन संस्कृतिको आफ्नै विशेषता हो। नदी सम्वद्ध तीर्थहरूले बोकेको संस्कृति योग र एकताको जीवन्त दृष्टान्तको रूपमा रहेका छन्। नदीलाई गंगा देवीको प्रतिरूप मानी आस्था र विश्वाससाथ श्रद्धा, पूजा गर्ने परिपाटी नेपाली समाजमा रहिआएको छ। पौराणिक संस्कृतिको रूपमा अपनाउँदै आइएको नदी सम्वद्ध तीर्थ, श्राद्ध र षट्चक्र साधनामा सवैभन्दा महत्त्वपूर्ण भूमिका राख्ने आज्ञा चक्रको ध्यानसँगको अन्तरसम्वन्धको विविध पक्षहरूमा चर्चा गर्न आवश्यक छ।

तीर्थ र तीर्थस्थल

शाब्दिक रूपले हेर्ने हो भने तरण, प्लवन अर्थ भएको 'तृ' र कर्म समाप्ति अर्थ भएको 'तिर' धातुबाट 'तीर्थ' शब्द बन्छ। तीर्थ शब्दको व्युत्पत्तिगत अर्थ जसले पवित्र बनाउँदछ त्यो नै तीर्थ हो भन्ने हुन्छ। तिर्नु, तार्नु, स्नान गर्नु र प्रारब्ध, सञ्चित, क्रियमाण कर्महरूको सम्भाव्य अनुकुल प्रतिकुल परिणामलाई समाप्त पारेर ज्ञानको दृष्टिमा सत् असत् दुवै प्रकारका कर्महरू बन्धन नै मानिने हुनाले दुवै प्रकारका क्रर्महरूको भोग्यफल समाप्त गरी मोक्षसम्म दिन सक्नु तीर्थ शब्दको अर्थ हो। तरति पापादिकम् यस्मांत अर्थात् जसको सम्बन्धले पापादिबाट पार पाइन्छ त्यही तीर्थ हो।

तीर्थ शब्दले व्यापक अर्थ समेट्दछ। योग्य व्यक्ति, पुण्यकाल, पुण्यात्मा, श्रद्धाका पात्र, यज्ञ, ब्राह्मण, अग्नि, कल्याणकारक उपदेश, उपचार, पुण्यभूमि, देवालय, शिवालय, शक्तिपीठ, नदी, नदीको किनार, देवी देवता, वेदादि शास्त्र, गुरू, उपाय, पवित्र स्थान आदि सारा तीर्थ हुन्।[1] कुण्ड, नदी, सागर, झरना, धारो आदि जल तीर्थ हुन। दोमान, त्रिवेणी आदि भए झन विशेष तीर्थ मानिन्छन्।[2] 'जना यैस्तरन्ति तानि तीर्थानि' मनुष्यले जसलाई गरेर दुःखबाट तर्दछ त्यसको नाम 'तीर्थ' हो।

विभिन्न शक्तिपीठहरूको चर्चा शास्त्रहरूमा पाइन्छ। यी सबै तीर्थहरू ब्रह्माण्डीय उर्जासँग जोडिएका स्थानहरू हुन्। शास्त्रीय भाषामा यस्ता क्षेत्रहरूलाई नाविकीय क्षेत्र भनिन्छ। यस्ता क्षेत्रमा ब्रह्मनावी महाशक्ति रहेको हुन्छ। त्यसैले यी क्षेत्रहरूमा जल तथा यन्त्रवत संकेत हुने खालका सम्पदाहरू रहेका हुन्छन्। पृथ्वी आफै पुण्यवती, प्राणप्तयिनी छिन् तथापि साधुको साधना, चिन्तन भएको स्थान एवम् जलको तेजका कारण पनि केहि स्थान पवित्र बनेका हुन्छन्।[3] हिन्दु सनातनी परम्परामा मूलत मूर्ति, धातुहरू, पानी, शंख, वेदमन्त्रको उच्चारण, धूप, घण्टी, तुलसी, यी आठ पदार्थ भएको स्थानलाई तीर्थ मान्दछ।[4] सामाजिक, आर्थिक जनजीवनमा नदीको महानता 'जीवनदायिनी' शब्द र धार्मिक, सांस्कृतिक महत्व 'तीर्थ' शब्दले अभिव्यक्त हुन्छ। नदी तीर्थहरू एकतात्मक भावनाको वृद्धि गर्ने स्थल हुन्। विभिन्न वर्ण, जाति आदिमा समाज विभक्त भए तापनि तीर्थहरू सबैका लागि साझा हुन्।

तीर्थहरूको नामलाई विशेष अध्ययन गर्ने हो भने तिनले बोकेको दार्शनिक अर्थले योग अर्थात मोक्षलाई नै प्रतिविम्बित

१ तिमल्सिना, रामहरि (सम्पा), (२०६०), देववाणि (देवघाट धाम विशेषाङ्क) भाग १, तीर्थको महिमा र देवघाट धाम-शिव गोपाल रिसाल, प्रकाशकः देवघाट वौद्धिकआध्यत्मिक सेवा परिषद, भद्रकाली, काठमाडौं

२ तिमल्सिना, रामहरि (सम्पा), (२०६०),देववाणि (देवघाट धाम विशेषाङ्क) भाग १,तिर्थको महिमा र देवघाट धाम-शिव गोपाल रिसाल, प्रकाशकः देवघाट वौद्धिकआध्यत्मिक सेवा परिषद, भद्रकाली, काठमाडौं

३ महाभारत, अनुशासन पर्व, दानधर्म पर्व १०८। १८

४ शिला ताम्रं तथा तोयं शङ्खः पुरुषसूक्तकम्।
गन्धं घण्टा च तुलसीत्यष्ट्यङ्गा तीर्थमुच्यते॥

गरेको पाइन्छ । उदाहरणको रूपमा गोसाईंकुण्ड तीर्थलाई हेर्न सकिन्छ । 'गोसाईंकुण्ड' शब्द संस्कृतको 'गोस्वामी'बाट जनजिब्रोले बोल्दै जाँदा अपभ्रंश भएर 'गोसाईंकुण्ड'भएको हो । यहाँ 'गो' भनेको गाई र 'स्वामी' भनेको मालिक अर्थात् गाई धेरै हुने व्यक्ति भन्ने पनि बुझिन्छ । त्यसरी नै 'गो' शब्दले 'इन्द्रिय' भन्ने पनि जनाउँछ । इन्द्रियका स्वामी भन्नाले जितेन्द्रिय भन्ने बुझिन्छ । देवता, ऋषि र ठूला सन्त-महात्माहरू त्यस्ता इन्द्रियजयीहरूमा पर्दछन् । सबैभन्दा ठूला जितेन्द्रिय भगवान् शिव हुन् ।[५]

तीर्थमा गरिएको प्रार्थना स्तुति र भाकल पूरा हुन्छन् भन्ने विश्वास हरेक धर्ममा छ ।[६] तीर्थमा स्नान गर्नाले मुक्ति मिल्छ, शारीरिक, मानसिक शान्ति मिल्छ, रोगव्याधिले छुदैन भनी धर्मशास्त्रहरूमा उल्लेख छन् । भनिन्छ तीर्थमा स्नान गर्नाले, दान गर्नाले, जप, पाठ गर्नाले, तीर्थमा वास गर्नाले, तपस्या गर्नाले मन पवित्र हुन्छ र पुण्य मिल्दछ ।

तीर्थको विराट अर्थ

शास्त्रले निश्चित भौगोलिक स्थानलाई मात्र तीर्थस्थल मानेको छैन । पानीले शरीर पवित्र गर्दैमा वास्तविक स्नान हुन नसक्ने तथा शुद्ध मन युक्त पुरुष नै तीर्थस्नान गरेको व्यक्ति हो ।[७] सत्य तीर्थ (मन, वचन र कर्मले सत्य कार्य गर्नु), क्षमा तीर्थ (अरूलाई माफ दिनु), इन्द्रियनिग्रह तीर्थ (पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियलाई वसमा राख्नु), सर्वभूतदया तीर्थ (साँचो बोल्नु), ज्ञान तीर्थ (अरूलाई ज्ञान दिनु), र तपः तीर्थ (साधना, उपासना गर्नु) यी सात तीर्थहरूलाई मानस तीर्थ भनिन्छ । पानीले शरीर पवित्र गर्दैमा वास्तिविक स्नान हुन सक्दैन, जसको मन पूर्ण शुद्ध छ, ऊ तीर्थस्नान गरेको व्यक्ति हो ।

जो धैर्यरूपी कुण्डमा सत्यरूपी पानीले भरिएको छ । जो असाध्यै निर्मल र शुद्ध छ, त्यस मानस तीर्थमा सदा परमात्माको आश्रय लिएर स्नान गर्नुपर्दछ । शान्त मन नै तीर्थराज हो ।[८] आफ्नो निहित कर्मको कुशलतालाई नै तीर्थको रूपमा शास्त्रमा चर्चा गरेको पाइन्छ । विद्वानहरूको लागि विद्या नै तीर्थ हो । साधु सज्जनहरूको लागि सत्य जति ठूलो तीर्थ अरू कुनै पनि छैन । त्यस्तै चित्तमा शान्ति नभएका वा अशुद्ध भएकाको लागि गङ्गानदी नै तीर्थ हो । योगीजनको लागि ध्यान नै तीर्थ हो । राजाहरू वा राष्ट्रको लागि सैन्यशक्ति नै तीर्थ हो भने धनवानहरूको लागि दान गर्नु नै तीर्थ हो । कुलीन नारीहरूको लागि लज्जा नै तीर्थ हो । यिनै तीर्थहरूले सम्पूर्ण पापहरू पखाल्छन् ।[९]

तीर्थ नै योग साधना केन्द्र

वेद, उपनिषद्, योगका विषयहरू सरल रूपमा सबैले बुझ्न सकून् भन्ने अभिप्रायले साधारण जनमानसमा बुझाउनको लागि वेदजन्य विषयवस्तुको भाष्यको रूपमा पुराण लेखियो । जुन जुन स्थानहरू पौराणिक कालदेखि तीर्थको रूपमा पुजिदै आएका छन्, ती स्थानहरू पवित्र साधनास्थली हुन् ।

भगवान् भनेको महाचैतन्य अर्थात चेतना हो । जसरी चुम्बकको वरिपरि एउटा परिधिसम्म विद्युतिय चुम्बकीय उर्जा हुन्छ, तत् परिधिको सिमासम्म रहेका चुम्बकीय वस्तुहरू नै चुम्बकतर्फ आकर्षित हुन्छन् । जस्तै, कुनै स्थानमा मदिरालय स्थापना हुन्छ भने त्यहाँ मदिरा सेवन गर्नेहरूकै जमघट हुन थाल्दछ, त्यहाँ योग शास्त्र धर्मको चर्चा पनि हुँदैन र अध्यात्म सम्बन्धि मानिसहरू जम्मा हुने प्रसंग नै रहँदैन । त्यसरी नै तीर्थको रूपमा परिचित क्षेत्रमा पनि आध्यात्मिक जागरण र चेतना भएका व्यक्तिहरू आफ्ना साधनाको लागि जाने गर्दछन् । जसरी मदिरालयको उर्जाले मादक पदार्थ सेवन गर्नेलाई नै आकर्षण गर्दछ, त्यसरी नै मन्दिर तथा तीर्थ क्षेत्रहरूले साधकलाई आकर्षण गर्ने उर्जा सञ्चार गरिरहेको हुन्छ ।

जसरी हाम्रो शरीरमा सुई लगाउँदा उक्त यन्त्रले यन्त्र चिह्न छोडे जस्तै तीर्थहरूमा पनि प्राचीन समयदेखि प्रार्थना उपासनाद्वारा संकेतका रूपमा केहि चिह्न युक्त सम्पदाहरू रहेका हुन्छन् । यही चिह्न विशेषसँग महाशक्तिको सम्बन्ध रहिरहेको हुन्छ जहाँबाट अनवरत ब्रह्माण्डीय उर्जा सञ्चार भइरहेको हुन्छ ।

जसरी शरीरको केहि अंगहरूलाई महत्त्वपूर्ण र पवित्र मानिन्छ त्यसरी नै पृथ्वीका केहि भागहरू महत्त्वपूर्ण र पवित्र

५ आगमन, सुवास आचार्य ,२०६७, गोसाईंकुण्ड : प्रकृति, संस्कृति र इतिहास, प्रकाशक : दुर्गम नेपाल, धुन्चे, रसुवा,पृ४

६ सोडारी, हरीप्रसाद, धर्मभित्रको विज्ञान, विष्णुमाया वि.सं. २०७२, पृ. १६१

७ सत्यतिर्थं क्षमातीर्थं तीर्थमिन्द्रियनिग्रहः ।
सर्वभूतदयातीर्थं तीर्थानां सत्यवादिता ॥
ज्ञानतीर्थं तपस्तीर्थं कथितः तीर्थ सप्तकम् ।
सर्वभूतदयातीर्थे विशुद्धिर्मनसो भवेत् ॥
न तोयपूतदेहस्य स्नानमित्यभिधीयते ।
स स्नातो यस्य वै पुंसः सुविशुद्धं मतो मतम् ॥ (स्कन्दपुराण)

८ महाभारत, अनुशासनपर्व, दानधर्म पर्व १०८/३

मानिन्छन् । जुन स्थानमा भूमिको अद्‌भूत प्रभाव छ, पानीको तेज छ, ऋषिमुनि एवम् महात्माहरू बस्दछन्, जन्मन्छन् वा आउँछन्, त्यस स्थानलाई तीर्थस्थल भनिन्छ ।[९] तीर्थस्थलहरूमा प्राप्त हुने दिव्य ऊर्जासँगको मिलनका लागि साधकहरू स्वास्थ्यले साथ दिएसम्म शरीरले नै तीर्थस्थलमा पुग्नु पर्दछ, असमर्थ भएपछि मनले तीर्थस्थल पुगे पनि उत्तम गति प्राप्त हुन्छ ।[१०] घरमा जान अन्जानमा जुन पाप गरिन्छ त्यो पाप तीर्थमा शुद्ध हुन्छ तर तीर्थमा गएर गरेको पाप बज्रलेप बराबर हुने कुरा पनि शास्त्रमा चर्चा भएको पाइन्छ ।[११]

यथा पिण्डे तथा ब्रह्माण्डे भन्ने शास्त्र वाक्यलाई गहिरिएर नियाल्ने हो भने यो कुरा प्रष्ट हुन्छ की पिण्डमा रहेका विषय नै ब्रह्माण्डमा रहेका छन् । शरीररूपी यो पिण्डलाई अविद्याबाट हटाएर ब्रह्माण्डीय उर्जामा मिलन गराउन यी तीर्थको रूपमा परिचित ब्रह्माण्डीय उर्जा सम्बद्ध शक्तिकेन्द्रहरूको साधना साधकहरूका लागि अत्यन्त महत्त्वपूर्ण छ । तसर्थ साधकहरू यस्ता तीर्थ स्थलहरूमा साधना अर्थात ब्रह्माण्डीय विशेष उर्जासँग जोडिनका लागि जाने गर्दछन् । तर विडम्वना पछि पछि मानिसहरू साधनाको विषय भुलेर कर्मकाण्डीय पूजा र संस्कारहरूमा मात्र सिमित भए । आजभोलि तीर्थहरूको संरक्षणका नाममा भइरहेका गतिविधिहरूलाई हेर्ने हो भने यी यतिविधिहरू पूर्णरूपले भौतिक संरचनाको निर्माणमा केन्द्रित देखिन्छन् । तीर्थ भित्र लुकेको मुक्ति, मोक्ष, निवार्णको त्यो विराट संस्कृतिको कुनै आभाष नै पाइँदैन । तीर्थ क्षेत्रहरू वनभोज स्थल र पर्यटकीय क्षेत्रको रूपमा विकसित भइरहेका छन् । साधना थलो मेला र पर्वको केन्द्रको रूपमा विकास हुन पुगे । शास्त्रगत विषयको दार्शनिक महत्त्व ओझेलमा पर्‍यो । आजसम्म आइपुग्दा सर्व कल्याण र मोक्ष उन्मुख त्यो विराट संस्कृति नै गोप्यं, गोप्यं भन्दा भन्दै लोप्यंको स्थितिमा पुग्यो ।

तीर्थाटनको लक्ष्य नै योग

तीर्थमा स्नान, दान, जप, पाठ, वास, तपस्या गर्नाले मन पवित्र हुन्छ भन्नुले मूलभूत रूपमा तीर्थ सम्वद्ध गतिविधिहरूको उद्देश्य मनसँग नै जोडिएको छ । मनको (चित्त) पवित्रता भनेको मनमा उठ्ने विचारका तरङ्ग अर्थात चित्तवृत्ति निरोधको अवस्था हो । शुद्ध मन भएको व्यक्ति नै तीर्थ स्नान गरेको व्यक्ति हो भन्ने विषयले 'पूर्ण शुद्ध मन' अर्थात मनमा कुनै विकारहरू, तरंगहरू विचारहरू नभएको अवस्थाको संकेत गरेको छ । पतञ्जली योग दर्शनको अनुसार चित्तवृतिनिरोधको अवस्था नै योग हो ।[१२] वृतिहरू पाँच प्रकारका छन् ।[१३] प्रमाण, विपर्यय, विकल्प, निद्रा, स्मृति ।

'पूर्ण शुद्ध मन'को अवस्था र 'चित्तवृत्तिनिरोध' को अवस्था एकै हो । वृत्तिनिरोध चित्तको अवस्था ध्यानस्थ अर्थात समाधिको अवस्था हो । यसरी हेर्दा तीर्थजन्य गतिविधिले ध्यानलाई नै लक्षित गरेको देखिन्छ । मनको निर्मलता, शुद्धतालाई नै शास्त्रले तीर्थको संज्ञा दिएको देखिन्छ । यसरी हेर्दा तीर्थजन्य संस्कृतिका विषयहरू पूर्ण रूपमा योगसँग अन्तरसम्वन्धित देखिन्छन् ।

श्राद्ध के हो

कात्यायनस्मृतिमा श्राद्ध वा पितृयज्ञः स्यात् भनी श्राद्धलाई पितृयज्ञ भनिएको छ । भविष्य पुराणमा श्रद्धापूर्वक देश काल परिवेश अनुसार दिवंगत पितृहरूले पाउन् भनी ब्राह्मणलाई दिनु नै श्राद्ध हो भनिएको छ । श्राद्धकालका अनुसार प्रेत र पितृलाई आफूलाई मनपर्ने वस्तु श्रद्धाले दिनु श्राद्ध हो भनिएको छ । पौराणिक रूपमा रहेका यी विविध मतहरूलाई हेर्दा विधिपूर्वक पितृले तृप्तिका लागि देश, काल, सत्यात्रमा गरिने ब्राह्मण भोजन, तर्पण, पिण्डदान, होम आदि नै श्राद्ध शब्दको अर्थ रहेको बुझिन्छ । यो श्राद्धको कर्मकाण्ड सम्वद्ध परिभाषा हो । तर श्राद्धको परिभाषा यत्तिमा मात्र सिमित छैन । श्राद्धले वृहद विषयवस्तुहरूलाई समेट्दछ ।

'श्रत्' धातुको अर्थ सत्य हुन्छ । श्रत्, सत्यं ददातीति श्रद्धा अर्थात, जसले भित्री हृदयदेखि सत्य मानेर, विश्वास र भक्तिभावले कार्य गर्छ, उपहार चढाउँछ त्यसलाई श्राद्ध भनिन्छ । श्रद्धया दीयते, हुयते, क्रियते तद् श्राद्धम् अर्थात, श्रद्धाले दिने, हुने, गर्ने कार्यलाई नै श्राद्ध भनिन्छ । श्रद्धा भित्र भक्ति, विश्वास र विधान तीन तत्त्व रहन्छन् । मृतकप्रति

९ यथा देशाः शरीरस्य केचिन्मध्येतमाः स्मृता ।
तथा पृथिव्या देशाश्च केचित्पुण्यतमाः स्मृताः ॥
प्रभावदुद्‌भूताद् भूमेः सलिलस्य च तेजसा ।
परिग्रहान्मुनीनां च तीर्थानां पुण्यता स्मृताः ॥ (महाभारत)
१० ध्यानपूते ज्ञानजले रागद्वेषमलामहे ।
यः स्नाति मानसे तीर्थे स याति परमां गतिम् ॥ (स्कन्दपुराण)
११ गरूड पुराण ३६/२४-२५)
अन्य क्षेत्रे कृतं पापं तिर्थ क्षेत्रे विनस्यति ।
तिर्थ क्षेत्र कृतं पापं बज्र लेपो भविष्यति ॥ (पद्म पुराण)

१२ योगश्चित्तवृति निरोध : (योग दर्शन, २)
१३ प्रमाणविपयर्यविकल्पनिद्रास्मृतयः ॥ (योग सूत्र)

देखाउने वा गरिने कार्यमात्र श्राद्ध होइन । विद्यार्थीले मिहेनत गरेर अध्ययन गर्नु, स्वास्थ्यकर्मीले सेवा गर्नु, सानालाई माया र ठूलालाई आदर गर्नु श्राद्धका उदाहरणहरू हुन् ।[१४] तसर्थ बोध अर्थात आत्मा साक्षात्कारको मार्गमा ध्यानस्थ हुनु महाश्राद्ध हो ।

सनातन धर्मशास्त्रहरूमा व्याख्या गरिएअनुसार कुनै अमुक व्यक्ति पृथ्वीमा जन्म लिँदा साथ प्रमुख रूपमा देव, ऋषि र पितृ गरी तीन ऋणले युक्त हुन पुग्दछ । उसको जीवन वास्तवमा यी तीन ऋणबाट मुक्त हुन प्रयोग हुनु पर्दछ । धर्म, अर्थ, काम, मोक्ष यी चार विषयहरूलाई शास्त्रमा पुरुषार्थ चतुष्टयको रूपमा उल्लेख गरिएको छ । पुरूषार्थलाई जीवनको लक्ष्य मानिन्छ र यी ऋणहरूबाट अऋणी नभएसम्म उसले अन्तिम पुरुषार्थ मोक्षलाई प्राप्त गर्न सक्तैन । अर्थात निज व्यक्ति परिस्कृत, योग्य मानिँदैन । मनुका अनुसार यी तीन ऋणहरू चुक्ता गरिसकेपछि मात्र एउटा हिन्दुले मोक्षका निमित्त प्रयत्नशिल हुनु पर्दछ ।

यी तीन किसिमका ऋणहरू मध्ये देव ऋण यज्ञ यज्ञादि कर्मबाट र ऋषि ऋण वेद धर्म शास्त्रहरूको अध्ययनबाट तिर्न सकिन्छ भने पितृऋण आफ्ना दिवंगत पितृहरूको श्राद्ध तथा महत्त्वपूर्ण तीर्थस्थलहरूमा सम्पन्न गरिने तीर्थ श्राद्धहरूबाट पुरा हुने शास्त्रीय मत र जन विश्वास रहेको छ । भनिन्छ देवताले दिने र पितृले हर्ने गर्दछन् । त्यस्तै सात पुस्तादेखिको गुण र दोषको प्रभाव हामी माथी परेको छ र हाम्रो प्रभाव आगामी सात पुस्तासम्म पर्न सक्दछ । त्यसैले यी तीन प्रकारका ऋण मध्ये पितृ ऋणको प्रभाव अत्याधिक हुने हुँदा पितृ कार्यलाई प्राथमिकता दिनु हाम्रो कर्तव्य हो ।[१५] शास्त्रहरूमा पितृहरूलाई वसु, आदित्य र रूद्र सरह ठहऱ्याइएको छ ।

पितृऋण तिर्न सक्दा मात्र पितृहरूको आशीर्वचन वा आशीर्वाद श्री सम्पत्ति, यश, किर्ति र मोक्ष प्राप्त हुन सक्ने कुरा लेखिएको छ ।[१६] बाँचुञ्जेल आज्ञा पालन गरी सेवा गर्ने, मृत्युपछि मृतकदिनमा श्राद्ध गर्ने र गयामा गई पिण्डदान गरेपछि पुत्रको पुत्रता सार्थक हुन्छ ।[१७] श्राद्धकर्मबाट तृप्त भएका पितृले आयु, सन्तान, धन, विद्या, स्वर्ग, मोक्ष, सुख र राज्य समेत श्राद्धकर्तालाई प्रदान गर्दछन् ।[१८] यी विषयहरू विभिन्न शास्त्रहरूमा उल्लेख भएका छन् ।

हिन्दु वैदिक संस्कृतिमा मात्र नभएर श्राद्ध अन्य धर्मावलम्बीहरूले पनि उत्तिकै महत्त्वका साथ परम्परागत रूपमा अनुसरण गरेको देखिन्छ । क्रिश्चियन, इस्लाम धर्ममा पनि मृत पितृलाई सम्झने आफ्नै परम्पराहरू रहेको पाइन्छ । जर्मनीमा प्रत्येक वर्ष अक्टुवरमा मृतात्मा दिवस मनाइन्छ । अमेरिकाको रेड इण्डियन समुदायले फेब्रुअरी महिनामा, जापानमा अगस्ट महिनामा, इङ्गल्याण्ड, स्कटल्याण्ड इटलीमा नोभेम्बर महिनामा मृत पितृलाई सम्झने तथा मृतात्माको शान्तिको कामना गरिन्छ । त्यस्तै आजभोलि शोक दिवस तथा जयन्ती समारोहहरूलाई पनि श्राद्धकै रूपमा लिन सकिन्छ । हाम्रा पूर्वजहरूले उत्तराधिकारीको रूपमा सुम्पेका विविध कार्यहरूमध्ये श्राद्ध पनि एक हो । तसर्थ हाम्रो जीवनमा श्राद्धको विशेष महत्त्व रहेको छ ।[१९]

आज्ञा चक्रको ध्यान नै श्राद्ध

तेस्रो नेत्रको चर्चा हाम्रो समाजमा जतातातै छ । पैसा देखेपछि महादेवको पनि तीन नेत्र भन्ने नेपाली प्रचलित उखान छ । हामी ज्ञान र बोधको विषयलाई त्रिनेत्रसँग नै जोडेर हेर्छौं । साधारणतया हामीहरूले टीका, तिलक, चन्दन, सिन्दुर, कुमकुम अझ भनौं हिन्दु महिलाहरूले दैनिक जसो टिका लगाउने दुई आँखी भौंको बीचको भाग जसलाई भृकुटी भनिन्छ । यहि क्षेत्रलाई नै त्रिनेत्र अर्थात आज्ञा चक्रको रूपमा लिइन्छ । हिन्दु महिलाहरूले दैनिक जसो टिका लगाउन सिन्दुरमा पारोको मात्रा रहेको हुन्छ । जब सिन्दुर भृकुटीमा लगाइन्छ, यसले तन्त्रिकाहरूमा लगातार दबाब सिर्जना गरिरहन्छ । सम्भवत वास्तविक रूपमा यो तेस्रो नेत्र जागरण कै उद्देश्यले लगाइएको पनि हुन सक्दछ । लामो कालखण्डमा हामीले यसको अर्थ मर्म भुलेर संस्कृति र सौन्दर्यको विषयको रूपमा मात्र आज पर्यन्त प्रयोगमा ल्याइरहेका पनि हुनसक्दछौं ।[२०]

षट्चक्रमा यो सर्वाधिक महत्त्वपूर्ण चक्र हो । ध्यानका लागि यो नै सर्वोत्तम चक्र हो र तपः लोक को नामले चर्चा

१४ सोडारी, हरिप्रसाद, धर्मभित्रको विज्ञान , विष्णुमाया वि.सं २०७२, पृ १६१

१५ आगमन, सुवास आचार्य, वेत्रावती : पौराणिक श्राद्ध तिर्थस्थल , प्रकाशक : सगरमाथा आर्ट ग्यालरी प्रा.लि.काठमाण्डौं,२०७३, पृ २

१६ हिन्दु समाज र धर्म, डा.गणेश प्रसाद क्षेत्री सोमप्रसाद खतिवडा प्रकाशकः शिवा प्रक(ाशन, विराटनगर २०५४(प्रथम संस्करण) पृ १८८-१९४

१७ जीवतो वाक्यकरणात् क्षयाहे भूरियोजनात् ।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥

१८ आयुः प्रज्ञा धन, विद्यां स्वर्ग मोक्षं सुखानी च ।
प्रयच्छन्ति तथा राज्यं पितरः श्राद्ध नर्पिताः ॥ (मार्कण्डेय पुराण)

१९ कर्तव्य प्रकाश, पं : चीरञ्जीवी सनी पोखरेल , रत्न पुस्तक भण्डार, भोटाहिती, काठमाण्डौं २०२९ मुद्रण : नेपाल प्रेस, काठमाडौं

२० Swami Satyananda Saraswati, Kundalini Tantra, Munger , Bihar , Bihar School of Yoga , 1996 A.D (2nd Edition) पृ.११७

गरिएको पाइन्छ ।[२१] दुई आँखी भौँको मध्यमा स्थित भएकाले यसलाई मध्यम चक्रको नामले पनि चिनिन्छ ।[२२] आज्ञा चक्रलाई सबै चक्रको स्वामी वा उत्तम चक्र मानिएको छ । मर्म चिकित्सा विज्ञानसँग तुलना गर्दा आज्ञा चक्र स्थपनी मर्मसँग सम्बन्धित छ ।[२३] आज्ञा चक्रलाई उड्डीयान तथा ज्ञान चक्रको नामले पनि चिनिन्छ । यो चक्रलाई बुद्धि अहंकार, मन तथा इन्द्रियको सुक्ष्म रूपको केन्द्र स्थानको रूपमा लिइन्छ ।[२४] यो चक्रलाई ज्ञान चक्षु, त्रिवेणी तथा शिवको नेत्रको रूपमा पनि सम्बोधन गरेको पाइन्छ ।[२५] ज्योतिष शास्त्रमा आज्ञा चक्र बृहस्पति (गुरू) ग्रह को स्थान हो । बृहस्पति ग्रहले गुरूलाई प्रतिबिम्बित गर्दछ । गुरू अर्थात देवताहरूको गुरू । तसर्थ आज्ञा चक्रलाई गुरू चक्र पनि भन्ने गरिन्छ ।[२६]

आज्ञा चक्रमा परम प्रकाश रहेको छ । यो महातेजको बारेमा सम्पूर्ण तन्त्रहरूमा गोप्य राखिएको छ । यसको ध्यानले साधकलाई परम सिद्धि प्राप्त हुन्छ ।[२७] आज्ञा कमलमा भगवान् शिव विराजमान हुनुहुन्छ । मुक्तिदायक तुरीय तेस्रो लिङ्को रूपमा विराजमान शिवको निवास आज्ञा चक्रको ध्यानले योगी निश्चय नै शिव समान हुन्छ ।[२८] जो योगी यस गुप्त आज्ञा कमलको नित्य ध्यान गर्दछ उसले आफ्ना पूर्वजन्मका सम्पूर्ण कर्मलाई अबाधितरूपले (निर्विरोध) नाश गर्दछ ।[२९] अन्य पाँच पद्मको (मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत र विशुद्धि चक्र) ध्यानबाट जुनजुन फलहरू प्राप्त हुन्छन् ती सबै फलहरू केवल यो एक आज्ञा चक्रको ध्यानबाट प्राप्त हुन्छन् ।[३०] त्रिनेत्र अर्थात रूद्राक्षको ध्यानले योगी शिवको प्रिय तथा शिव समान हुनेछ ।[३१] आशा र परिग्रहबाट मुक्त भएर जब योगी पद्मासनमा बसी नाकको अग्रभागमा आफ्नो दृष्टि स्थिर गर्दछ तब उसको मनको मृत्यु हुन्छ अनि उसले खेचरी सिद्धि प्राप्त गर्दछ ।[३२]

इडा नाडीलाई वरणा र पिंगला नाडीलाई असि बताउँदै, जसरी वरणा र असि नदीको मध्यमा वाराणासी सहर छ जुन भगवान् विश्वनाथको स्थानको रूपमा पुजिन्छ त्यसरी नै इडा नाडीको वरणा र पिंगला नाडी असी समान रहेको छ । दुई नाडीको विचमा रहेको सुषुम्ना नाडी वारणासी समान छ जहाँ आत्मारूपी विश्वनाथको निवास रहेको छ ।[३३] त्यस्तै सुषुम्ना नाडीलाई सरस्वती नदीसँग तुलना गरिएको पाइन्छ । गंगा र यमुना अर्थात इडा र पिंगलाको मध्ये भागमा सरस्वती अर्थात सुषुम्ना रहेको छ । यसैको संगम त्रिवेणीमा

२१ ऐजन, पृ३२

२२ शास्त्री, द्वारिकादास (सम्पा) , सिद्धसिद्धान्तपद्धति : (विस्तृतभूमिकेपिता हिन्दीरूपान्तर संहिता च) , वाराणसी: चौखम्बा विद्यामवन , सन् २००६ । पृ ३३

२३ प्राडा सुनील कुमार जोशी , मर्म चिकित्सा विज्ञान , हरिद्वार, भारत , मृत्युंजय मिशन , पृ १६०

२४ ऐजन, पृ १६०

२५ स्वामी निरंजनानन्द सरस्वती , घेरण्ड संहिता , मुंगेर , विहार , भारत , योग पब्लिकेशन ट्रष्ट , ईसं २०११ , पृ ३९०

२६ Swami Satyananda Saraswati , Kundalini Tantra , Munger , Bihar , Bihar School of Yoga , 1996 A.D (2nd Edition) पृ११७

२७ शिव संहिता १२४

२८ शिव संहिता १२५

२९ शिव संहिता १३९ पृ १३४

३० शिव संहिता १४४

३१ शिव संहिता ६४

३२ शिव संहिता ६५

३३ शिव संहिता १३१

स्नान ध्यान गर्ने साधक धन्य हुनेछ । उसको परमगति अर्थात मुक्ति हुनेछ ।[३४] लौकिक व्यवहारमा हामीले पितृ उद्धारका लागि त्रिवेणीमा गर्ने श्राद्ध कर्मको जस्तो कामना र फल छ त्यस्तै नै इडा, पिंगला र सुषुम्ना नाडीको अर्थात आज्ञा चक्र (गंगा, यमुना, सरस्वतीको मिलन स्थल त्रिवेणी) मा ध्यान गर्नुमा समानता रहेको शास्त्रमा उल्लेख छ ।[३५] हामी आफू भित्रको त्रिवेणीलाई भुलेर भौतिक जगत्को नदीकिनाराहरूमा अल्मल्लिरहेको छौं । जो जति नै पवित्र वा अपवित्र होस् कुनै पनि अवस्थामा त्रिवेणीमा ध्यान स्नान गर्नाले पवित्रता प्राप्ति गर्दछ ।[३६]

औँसी, पूर्णिमा, एकादशी, ग्रहणका समय विशेषत साधनाका दृष्टिकोणले साधकहरूले आआफ्नो साधना पद्धति र लाभको आधारमा महत्त्वको साथ लिंएको पाइन्छ । चन्द्रमाको गति अनुसार नै हाम्रो पञ्चाङ्ग तयार हुन्छन् । तत् अनुरूप नै हाम्रो चाडपर्व, रितिरिवाज र संस्कारहरू चलिआएका छन् । यथा पिण्डे तथा ब्रह्माण्ड कै भाव अनुरूप नै चन्द्रमाको प्रभाव हाम्रो मनमा परेको हुन्छ । ज्योतिषीय रूपमै हेर्दा पनि कुण्डलीमा चन्द्रमाको स्थानका आधारमा नै जातकको मनस्थितिको तुलना गरिन्छ । यता लौकिक व्यवहारमा पनि औँसी, पूर्णिमाको समयमा मानसिक रूपमा कमजोर व्यक्तिहरूमा अझ विचलन आएको पाइन्छ । यसबाट ब्रह्माण्डीय उर्जाको हाम्रो शरीरमा सम्बन्ध रहेको प्रष्ट हुन्छ ।

आत्मा र परमात्माको बीचमा सम्बन्ध स्थापना श्वासको माध्यमबाट भएको छ र आत्मा र परमात्माको मिलनको सेतुको रूपमा भने ध्यान नै रहेको छ । तसर्थ स्थापित लगभग सबैजसो ध्यान विधिहरूमा श्वासको निरिक्षणलाई तथा श्वास माथि नियन्त्रणको क्षमता अभिवृद्धिलाई नै जोड दिइएको छ । दिवंगत पितृलाई स्मरण गर्दै दिव्यभावले एकाग्र मनले खगोलीय (ज्योतिषीय) दृष्टिकोणले ब्रह्माण ऊर्जा प्रभावहीन भइरहेको घडी पलामा नावकीय क्षेत्र जहाँ महाशक्ति ब्रह्माणीय उर्जा प्राप्त हुन्छन् अर्थात तीर्थस्थलहरूमा श्रद्धा पूर्वक ध्यानस्थ हुनुले नै आफु र पितृ दुवैको मुक्ति सम्भव छ । वास्तवमा यो नै दिवगंत पितृ प्रतिको सच्चा श्रद्धाञ्जली हो, श्राद्ध हो ।

३४ शिव संहिता १७१
३५ शिव संहिता १७४
३६ शिव संहिता १७७

उपसंहार

विभिन्न धर्मग्रन्थहरू विशेषतः पुराणहरूमा उल्लेख गरिएका तीर्थहरू र ती तीर्थ सम्वद्ध भएर आज पर्यन्त अपनाइएका संस्कृतिहरूलाई सूक्ष्म विश्लेषण गर्ने हो भने हामी गन्तव्य विमुख यात्रा गरिरहेझैं आभाष हुन्छ । हाम्रा शास्त्र र संस्कृतिहरू योगको विधीहरूले भरिएका छन् । तर लामो समयको यात्रामा विभिन्न आरोह अवरोह पार गर्ने कममा आजसम्म आइपुग्दा हामी कर्मकाण्डमा नै सीमित हुन पुगिराखेका छौं । तसर्थ शास्त्र, धर्मग्रन्थ विशेषतः पुराणमा वर्णित विषय र संस्कृतिहरूमा लुकेर रहेका गुप्त तथ्यहरूको अनुसन्धान, विश्लेषण हुन जरूरी रहेको छ ।

योग कुनै अमुक धर्म र सम्प्रदायको विषय होइन साथै यो सैद्धान्तिक चिन्तनको विषय मात्र नभएर क्रियात्मक प्रयोगवादी विज्ञान हो । तसर्थ हरेक व्यक्ति यसको अभ्यासवाट लाभ लिन सक्दछन । अभ्यासको विषय भएकाले पनि यसको उचित ज्ञान हुनु आवश्यक रहेको छ । आत्मा र परमात्मा वीचको योगको सेतु ध्यान हो । तसर्थ योगको मूल विषय ध्यान हो । ध्यानको अभिप्राय सुप्त अवस्थामा रहेको कुण्डलिनी शक्तिलाई जगाई षट्चक्र भेदन गर्दै सहस्रार चक्रमा शिवसँग मिलन गराउने रहेको छ । समग्रमा संस्कृतिलाई कर्मकाण्डका रूपमा मात्र नअपनाइ सार्थक जीवनको आधारको रूपमा ग्रहण गर्न जरूरी रहेको छ ।❖ subashagaman@gmail.com

सम्पादकीय

गुठी माथि गिद्धे दृष्टि

गोष्ठी शब्दबाट उत्पत्ति भएको 'गुठी शब्दले समूहमा मिलेर काम गर्ने पद्धतिलाई जनाउँछ । नेपालमा गुठीको इतिहास प्राचीनकालदेखि नै शुरु भएको हो । विशेष गरी लिच्छवी र मल्लकालीन राजाहरूले विभिन्न मठ मन्दिर तथा जात्रा पर्वहरू दीर्घकालसम्म निर्विवाद सञ्चालन हुनसकून् भन्ने आशयले अक्षय कोषको रूपमा जमिन छुट्याउने चलन शुरु गरे । तिनै अचल सम्पत्तिलाई पछि गुठीको रूपमा लिन थालियो । यसैको सिको गर्दै अरूले पनि विभिन्न मेला, पर्व, जात्रा र मठमन्दिरको सञ्चालन गर्न गुठीको रूपमा जग्गा जमिन र अन्य चल अचल सम्पत्ति छुट्याउन थाले । पुर्खाले खडा गरेका तिनै गुठीका कारण पशुपतिनाथ मन्दिर लगायत धेरै मठ मन्दिरका पूजाआजा र मेला, जात्रा, पर्वहरू निर्विवाद सञ्चालन हुँदैआएका छन् ।

पछिल्ला वर्षहरूमा भूमाफियाहरू सहित विभिन्न व्यक्ति तथा संस्थाहरू साथै गुठी संस्थानकै कर्मचारीहरूको मिलेमतोमा गुठीका सम्पत्तिलाई आफ्नो मातहतमा लैजाने क्रम बढेको छ । राज्यको उदासिनताले माफियालाई गुठीका जग्गा हडप्न अझ सजिलो भएको छ ।

यसै क्रममा सरकारले गत वैशाख १६ गते 'गुठी सम्बन्धी कानूनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक- २०७५' संघीय संसद सचिवालय संसद भवनमा दर्ता गरायो । तर विडम्बना ! त्यो विधेयक गुठीमाथिको गिद्धे दृष्टिले प्रेरित थियो । गुठी सम्पत्तिलाई व्यवस्थित गराउने भन्दा पनि गुठीलाई प्राधिकरणमा स्थानान्तरण गर्दै गुठियारहरूको हक समाप्त पार्ने गलत मनासायले विधेयक ल्याइएको थियो ।

सरोकारवाला कसैसँग कुनै सल्लाह नै नगरी केवल भूमाफियाहरूको प्रपञ्चमा ल्याइएको उक्त विधेयक पारित भई लागु भएमा नेपालमा परापूर्व कालदेखि चलेको गुठी समाप्त भई सनातनदेखि चल्दैआएका मठ मन्दिरका पाठ पूजा, एवम् मेला पर्व, जात्रा सबै समाप्त हुने निश्चित छ । यही प्रतिकुलतालाई महसुस गरी गुठियार, सनातन धर्म संस्कृतिप्रेमी सहित सरोकारवालाहरूले विरोध जनाइरहेका छन् । देशव्यापीरूपमा सडक संघर्ष भएपछि सरकारले विधेयक त फिर्ता लिने निर्णय गऱ्यो । तर सरोकारवालाको माग विधेक खारेज गर्नु पर्ने रहेको छ । सांस्कृतिक पहिचान जोगाउँदै र सामूहिक एकताको परम्परालाई निरन्तरता दिन पनि तत्कालीन गुठी विधेयकको खारेजी गर्दै यसलाई पुनर्लेखन गर्न जरुरी छ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

निन्दा म रोजूँ किन ? धर्मानन्द भारवि ४

दैविक सम्पत्ति

त्याग आचार्य खेमराज 'केशवशरण ५

समसामयिक

त्रिशुलजात्रा उपप्रा. डा.सन्ध्या खनाल, पराजुली ८

महिमा

नेपाल माहात्म्य-२८ मधुसूदन सुवेदी १३

आध्यात्मिक वार्ता

कलिमा भक्तियोग श्रीमहेन्द्रनाथ गुप्त 'श्रीम १६

अन्तरवार्ता

धर्म, संस्कृति र ...... भरत जङ्गम १८

गीताज्ञान

जीवनको परम सूत्र एल. पी. भानु शर्मा २१

पुराण चर्चा

स्कन्दपुराण..... सहप्रा. डा. बिनुबाबा अर्याल २३

संस्मरण

स्वर्गीय आनन्दको... अर्जुन लामिछाने २७

विशेष

तीर्थ, श्राद्ध र योग......... सुवास आचार्य २९

गतिविधि ३५

संवित् परामर्शमण्डल

आबाल ब्रह्मचारी कविराज देवराज आचार्य

प्रा. शिवगोपाल रिसाल

डा. बिनु बाबा अर्याल

सल्लाहकार

श्रीमती गंगा कार्की

श्रीमती माधवी नेपाल

श्रीमती शिवा रिमाल

श्रीमती सीता श्रेष्ठ खड्का

श्रीमती कमला बस्नेत

सुशील अग्रवाल

प्रकाशक/सम्पादक

अर्जुन लामिछाने

उप-सम्पादक

बिना अधिकारी

व्यवस्थापक

बिदुरप्रसाद अधिकारी

सहयोगी

बिनीता पाठक

साजसज्जा : बिपीन सोडारी- ९८४९८५६२१०

मुद्रक : किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू ३०/-

वार्षिक सदस्यता शुल्क रू ३५०/- (कार्यालयबाट)

रू ५०० (हुलाक मार्फत)

आजीवन सदस्यता शुल्क रू ५०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुन्याई पुण्य कमाउनुहोस् ।

(यस पत्रिकामा प्रकाशित लेख-रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक)

कार्यालय

भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं ।

फोन नम्बर ९८५१०५३६०१/९८०३०९२४१७

Email : gauri_2062@yahoo.com

वितरक

विश्व स्वतन्त्र संचार

नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चलमा प्राप्त स्थान

वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान

अनारमनी-३, विर्तामोड, झापा ।

फोनः ०२३-५४४४४९

लुम्बिनी पूजा सामाग्री प्रतिष्ठान

बुटवल-८, ट्राफिक चोक, दुर्गा मन्दिर लाइन

फोनः ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १४, अङ्क १०, २०७६ असार, पूर्णाङ्क १६०

असार २०७६

आइतबार	१	८	१५	२२	२९
सोमबार	२	९	१६	२३	३०
मङ्गलबार	३	१०	१७	२४	३१
बुधबार	४	११	१८	२५	गौरी
बिहीबार	५	१२	१९	२६	गौरी
शुक्रबार	६	१३	२०	२७	गौरी
शनिवार	७	१४	२१	२८	गौरी

२ गते मष्टोपूर्णिमा, गैडुपूजा, कविरजयन्ती

१० गते भौमाष्टमीव्रत, पशुपतिमा त्रिशुलयात्रा

१३ गते योगिनी एकादशीव्रत

१५ गते प्रदोषव्रत, दहीचिउरा खाने दिन

१९ गते श्रीजगन्नाथ रथयात्रा

२४ गते देउपाटनमा गङ्गामाई रथयात्रा

२७ गते हरिशयनी एकादशीव्रत, चतुर्मास व्रतारम्भ

२९ गते भानुजयन्ती, व्यासजयन्ती, दक्षिणामूर्तिपूजा

३१ गते पूर्णिमाव्रत, खण्डग्रास चन्द्रग्रहण, व्यासजयन्ती,

ISSN 2091-1629

गौरी

मूल्य रु. ३०/-

वर्ष १४ अङ्क १०, २०७६ असार, पूर्णाङ्क १६०

मासिक पत्रिका

स्वर्गद्वारी आश्रम

प्यूठान